# मेलुङ गाउँपालिकाको आर्थिक ऐन, २०७९

मेलुङ गाउँपालिका

भेड्पु, दोलखा

हिरा कुमार तामाङ
अध्यक्ष

# मेलुङ गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

गाउँसभाबाट स्वीकृत मितिः २०७९/०३/२७

**प्रस्तावनाः**

मेलुङ गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क सङ्कलन गर्ने, छुट दिने तथा आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम मेलुङ गाउँ सभाले यो ऐन बनाएको छ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "मेलुङ गाउँपालिकाको आर्थिक ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन संवत् २०७९ साल साउन १ गते देखि मेलुङ गाउँपालिका क्षेत्रमा लागू हुने छ ।

२. **सम्पत्ति करः** कुनै पनि व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको घर वा सो घरले चर्चेको जग्गामा गाउँपालिका क्षेत्रभित्र अनुसूची-१ बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिने छ ।

३. **भूमि कर (मालपोत)** : गाउँपालिका क्षेत्रभित्र अनुसूची-२ बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिने छ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची-३ बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिने छ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा अनुसूची-४ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिने छ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको

हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची-५ बमोजिमको कर लगाइने र असूल उपर गरिने छ ।

७. **सवारी साधन कर**ः गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची-६ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिने छ ।तर, प्रदेश कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने छ ।

८. **विज्ञापन कर**ः गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची-७ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिने छ ।तर, प्रदेश कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुने छ ।

९. **मनोरञ्जन कर**ः गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची-८ बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिने छ ।तर, प्रदेश कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने छ ।

१०. **बहाल बिटौरी शुल्क**ः गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूची-९ मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिने छ ।

११. **पार्किङ शुल्क**ः गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची-१० बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिने छ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्क**ः गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग सेवा वा व्यवसाय सञ्चालन गरेवापत अनुसूची-११ बमोजिमको शुल्क लगाइने र असूल उपर गरिने छ ।

१३. **सेवा शुल्क, दस्तुर**ः गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनूसूची-१२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भएअनुसार शुल्क लगाइने र असूल उपर गरिने छ ।

१४. **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची-१३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिने छ । तर, प्रदेश कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने छ ।

१५. **कर छुटः** कर छुटसम्बन्धी व्यवस्था अनूसूची-१४ बमोजिम हुने छ ।

१६. **कर तथा शुल्क सङ्कलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्थाअनुसार कर तथा शुल्क सङ्कलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोकेअनुसार हुनेछ । साथै यस ऐनमा समावेश नभएको विषयमा कर तथा शुल्क लिनु पर्ने अवस्थामा गाउँ सभाको निर्णयानुसार कर तथा शुल्क उठाईने छ ।



हिरा कुमार तामाङ
अध्यक्ष

## अनुसूची –१

(दफा २ सँग सम्बन्धित)

## मेलुङ गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउने एकीकृत सम्पत्ति कर/घरजग्गा करको दर

### एकीकृत सम्पत्ति करको दर

| क्र.सं. | विवरण | एकीकृत सम्पत्ति कर (रु. मा) | रकम अक्षरमा |
|---|---|---|---|
| १. | रु. १ देखि २ लाख सम्म | २०.०० | बिस रुपैयाँ मात्र |
| २. | रु. २ लाख १ देखि ३ लाख सम्म | २५.०० | पच्चिस रुपैयाँ मात्र |
| ३. | रु. ३ लाख १ देखि ४ लाख सम्म | ३०.०० | तिस रुपैयाँ मात्र |
| ४. | रु. ४ लाख १ देखि ५ लाख सम्म | ४०.०० | चालिस रुपैयाँ मात्र |
| ५. | रु. ५ लाख १ देखि ६ लाख सम्म | ५०.०० | पचास रुपैयाँ मात्र |
| ६. | रु. ६ लाख १ देखि ७ लाख सम्म | ६०.०० | साठी रुपैयाँ मात्र |
| ७. | रु. ७ लाख १ देखि ८ लाख सम्म | ७०.०० | सत्तरी रुपैयाँ मात्र |
| ८. | रु. ८ लाख १ देखि ९ लाख सम्म | ८०.०० | असी रुपैयाँ मात्र |
| ९. | रु. ९ लाख १ देखि १० लाख सम्म | ९०.०० | नब्बे रुपैयाँ मात्र |
| १०. | रु. १० लाख १ देखि १२ लाख सम्म | १००.०० | एक सय रुपैयाँ मात्र |
| ११. | रु. १२ लाख १ देखि १४ लाख सम्म | १२०.०० | एक सय बिस रुपैयाँ मात्र |
| १२. | रु. १४ लाख १ देखि १६ लाख सम्म | १४०.०० | एक सय चालिस रुपैयाँ मात्र |
| १३. | रु. १६ लाख १ देखि १८ लाख सम्म | १६०.०० | एक सय साठी रुपैयाँ मात्र |
| १४. | रु. १८ लाख १ देखि २० लाख सम्म | १८०.०० | एक सय असी रुपैयाँ मात्र |
| १५. | रु. २० लाख १ देखि २२ लाख सम्म | २००.०० | दुई सय रुपैयाँ मात्र |
| १६. | रु. २२ लाख १ देखि २४ लाख सम्म | २२०.०० | दुई सय बिस रुपैयाँ मात्र |
| १७. | रु. २४ लाख १ देखि २६ लाख सम्म | २४०.०० | दुई सय चालिस रुपैयाँ मात्र |
| १८. | रु. २६ लाख १ देखि २८ लाख सम्म | २६०.०० | दुई सय साठी रुपैयाँ मात्र |



हिरा कुमार तामाङ
अध्यक्ष

| | | | |
|---|---|---|---|
| १९. | रु. २८ लाख १ देखि ३० लाख सम्म | २८०.०० | दुई सय असी रुपैयाँ मात्र |
| २०. | रु. ३० लाख १ देखि ३४ लाख सम्म | ३००.०० | तिन सय रुपैयाँ मात्र |
| २१. | रु. ३४ लाख १ देखि ३८ लाख सम्म | ३५०.०० | तिन सय पचास रुपैयाँ मात्र |
| २२. | रु. ३८ लाख १ देखि ४२ लाख सम्म | ४००.०० | चार सय रुपैयाँ मात्र |
| २३. | रु. ४२ लाख १ देखि ४६ लाख सम्म | ४५०.०० | चार सय पचास रुपैयाँ मात्र |
| २४. | रु. ४६ लाख १ देखि ५० लाख सम्म | ५००.०० | पाँच सय रुपैयाँ मात्र |
| २५ | रु. ५० लाख १ देखि ६० लाख सम्म | ५५०.०० | पाँच सय पचास रुपैयाँ मात्र |
| २६. | रु. ६० लाख १ देखि ७० लाख सम्म | ६००.०० | छ सय रुपैयाँ मात्र |
| २७. | रु. ७० लाख १ देखि ८० लाख सम्म | ७००.०० | सात सय रुपैयाँ मात्र |
| २८. | रु. ८० लाख १ देखि ९० लाख सम्म | ८००.०० | आठ सय रुपैयाँ मात्र |
| २९. | रु. ९० लाख १ देखि १ करोड सम्म | ९००.०० | नौ सय रुपैयाँ मात्र |
| ३०. | रु. १ करोड १ देखि १ करोड २० लाख सम्म | १०००.०० | एक हजार रुपैयाँ मात्र |
| ३१. | रु. १ करोड २० लाख १ देखि १ करोड ६० लाख सम्म | १२००.०० | एक हजार दुई सय रुपैयाँ मात्र |
| ३२. | रु. १ करोड ६० लाख १ देखि २ करोड सम्म | १४००.०० | एक हजार चार सय रुपैयाँ मात्र |
| ३३. | रु. २ करोड १ देखि २ करोड २० लाख सम्म | १६००.०० | एक हजार छ सय रुपैयाँ मात्र |
| ३४. | रु. २ करोड २० लाख १ देखि २ करोड ७० लाख सम्म | १८००.०० | एक हजार आठ सय रुपैयाँ मात्र |
| ३५. | रु. २ करोड ७० लाख १ देखि ३ करोड ३० लाख सम्म | २०००.०० | दुई हजार रुपैयाँ मात्र |
| ३६. | रु. ३ करोड ३० लाख १ देखि ४ करोड सम्म | २२००.०० | दुई हजार दुई सय रुपैयाँ मात्र |
| ३७. | रु. ४ करोड १ देखि ४ करोड ५० लाख सम्म | २४००.०० | दुई हजार चार सय रुपैयाँ मात्र |
| ३८. | रु. ४ करोड ५० लाख देखि १ देखि ५ करोड सम्म | २६००.०० | दुई हजार छ सय रुपैयाँ मात्र |
| ३९. | रु. ५ करोड १ देखि माथि जति भए पनि २ रुपैंया प्रति हजारका दरले एकीकृत सम्पत्ति कर लाग्नेछ | ३०००.०० | तिन हजार रुपैयाँ मात्र |

**क) सम्पत्ति करको मूल्याङ्कन**

- १ लाख देखि १० लाख सम्म रु.१०० (एक सय रुपैयाँ मात्र)



हिरा कुमार तामाङ
अध्यक्ष

- १० लाखदेखि २० लाख सम्म रु.२००(दुई सय रुपैयाँ मात्र)
- २० लाख देखि ३० लाख सम्म रु३००(तिन सय रुपैयाँ मात्र)
- ३० लाख देखि ४० लाख सम्म रु.४०० (चार सय रुपैयाँ मात्र)
- ४० लाख देखि ५० लाख सम्म रु.५०० (पाँच सय रुपैयाँ मात्र)
- ५० लाख देखि ६० लाख सम्म रु.६०० (छ सय रुपैयाँ मात्र)
- ६० लाख देखि ७० लाख सम्म रु.७०० (सात सय रुपैयाँ मात्र)
- ७० लाख देखि ८० लाख सम्म रु.८०० (आठ सय रुपैयाँ मात्र)
- ८० लाख देखि ९० लाख सम्म रु.९०० (नौ सय रुपैयाँ मात्र)
- ९० लाख देखि १ करोड सम्म रु.४०० (एक हजार रुपैयाँ मात्र)
- १ करोड देखि माथि रु.२००० (दुई हजार रुपैयाँ मात्र)

२. **घर जग्गाको मूल्याङ्कन गर्ने तरिका** :

(१) घर जग्गाका कर लाग्ने क्षेत्रहरुको लागि घरको बनोटको बर्गीकरण र मुल्याङ्कन देहायबमोजिम हुने छः–

(क) घर बनोटको बर्गीकरण

(१) भित्र काँचो वाहिर ईंटामा माटोको जोडाई भएका सबै किसिमका घर र काठैकाठबाट बनेका घरहरु

(२) भित्र वाहिर पाको ईंटा वा ढुङ्गामा माटोको जोडाई भएका सबै किसिमका घर

(३) भित्र वाहिर पाको ईंटामा सिमेन्ट वा बज्रको जोडाई भएका सबै किसिमका घर

(४) आर.सि.सि.फ्रेम स्ट्रक्चरबाट बनेका घर ।

(ख) घरको मुल्याङ्कन

(क) काँचो ईटा वा माटोको गारो वा बाँस वा काठको टाँटी भै फुस छवाली खर पराल र साधारण टिनको छाना भएको घरको मूल्याङ्कन गरिने छैन ।

(ख) सिनेमा हलहरुको भवनको अघिल्लो भाग मुख्य अडीटोरीयमको मूल्याङ्कन गर्दा माथि उल्लिखित दरमा २५ प्रतिशत छुट दिई मुल्याङ्कन गरिने छ ।

(२)घर जग्गा कर लाग्ने क्षेत्रहरुको जग्गाको मुल्याङ्कन गर्दा सोको प्रयोजनको निम्ति गाउँपालिकाले तोके बमोजिम हुने छ । यसरी नतोकिएको हकमा रजिष्ट्रेसन प्रयोजनका लागि यस गाउँपालिकाले तोकेको दर बमोजिम जग्गाको मूल्याङ्कन गरिनेछ ।



हिरा कुमार तामाङ
अध्यक्ष

## अनुसूची –२

(दफा ३ सँग सम्बन्धित)

**भूमि/मालपोत कर**

**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने भुमि कर (मालपोत)को दरः**

**मालपोत (जग्गा तिरो)**

| क.सं. | जग्गाको प्रकार | एकाई | मालपोत दस्तुर (तिरो) | कैफियत |
|---|---|---|---|---|
| १ | अब्बल | प्रति रोपनी | रु. १० | |
| २ | दोयम | प्रति रोपनी | रु. ९ | |
| ३ | सिम | प्रति रोपनी | रु. ८ | |
| ४ | चाहार | प्रति रोपनी | रु. ७ | |



हिरा कुमार तामाङ
अध्यक्ष

**अनुसूची –३**

(दफा ४ सँग सम्बन्धित)

**घरजग्गा बहाल कर**

**गाउँपालिकाले आफ्नो क्षेत्र भित्र घर, पसल, ग्यारेज, गोदाम, टहरा, रोड, कारखाना, जग्गा, पोखरी आदिमा लगाउन सक्ने घरजग्गा बहाल करको दर :**

| सि.नं. | करको प्रकार | करको दर | पुष्ट्याईं | कैफियत |
|---|---|---|---|---|
| १ | घर जग्गा बहाल कर | १० प्रतिशत | जम्मा बहाल रकमको | |



हिरा कुमार तामाङ
अध्यक्ष

## अनुसूची –४

(दफा ५ सँग सम्बन्धित)

### व्यवसाय कर

| सि.नं. | व्यवसायको विवरण | आ.व. ०७९/०८० को व्यवसाय करको वार्षिक करको दर रु.मा | वार्षिक नवीकरण शुल्क रु. मा |
|---|---|---|---|

१. व्यापारिक वस्तु

**१.१ चुरोट, रक्सी, ज्वेलरी, भिडियो, क्यासेट रिकर्डर तथा प्लेयर, आदिको थोक तथा खुद्रा व्यापारमा**

**१.१.१ चुरोट र रक्सी**

| | | | |
|---|---|---|---|
| क) | थोक बिक्रेता | १००० | ५०० |
| ख) | खुद्रा बिक्रेता | ५०० | ५०० |

**१.१.२ ज्वेलरी**

| | | | |
|---|---|---|---|
| क) | सबै खाले गहना निर्माण तथा विक्री गर्ने | १००० | ५०० |
| क) | स–साना गहना निर्माण तथा विक्री गर्ने | ५०० | ५०० |

**१.१.३ भिडियो, क्यासेट रिकर्डर तथा प्लेयर**

| | | | |
|---|---|---|---|
| क) | थोक बिक्रेता | २०० | ५०० |
| ख) | खुद्रा बिक्रेता | १०० | ५०० |

**१.२ निर्माण सामाग्रीः वालुवा, गिटी, रोडा, ढुङ्ग, चिप्स, मार्वल, खरिढुङ्गा, हिमपाईप, व्लक**

१.२.१ **नदिजन्य पदार्थ उत्खनन, उत्पादन र विक्री वितरण**

| | | | |
|---|---|---|---|
| क) | वालुवा, रोडा, ढुङ्गा, चोकर, गिटी, चिप्स, खरिढुङ्गा | प्रति घ.मी. रु.३६० | ५०० |
| ख) | मार्वल/स्लेट ढुङ्गा | प्रति वर्ग मिटर रु.५ | ५०० |

१.२.२ **व्यवसाय कर :**

| | | | |
|---|---|---|---|
| अ) | ह्युमपाईप | कुल वार्षिक कारोवारको ५% | ५०० |
| आ) | क्रशर उद्योग | कुल वार्षिक कारोवारको ५% | ५०० |
| इ) | व्लक, टाईल, ईट्टा, | कुल वार्षिक कारोवारको २०५% | ५०० |

१.२.३ **निर्माण समाग्री उत्पादन तथा तयारीमाः**

| | | | |
|---|---|---|---|
| अ) | ह्युमपाईप १२ ईन्च सम्मको गोलाई | प्रति गोटा रु.१०० | रु.५०० |
| आ) | ह्युमपाईप १८ ईन्च सम्मको गोलाई | प्रति गोटा रु.२०० | रु.५०० |
| इ) | ह्युमपाईप १८ ईन्च भन्दा माथि गोलाई | प्रति गोटा रु.४०० | रु.५०० |
| ई) | व्लक, टाईल, ईट्टा | प्रति गोटा रु.०.२५ | रु.५०० |

१.३ **कम्प्युटर, विद्युतीय सामान, क्यामेरा, टेलिभिजन, रेडियो, कार्पेट, पेटोलियम पदार्थ जस्ता वस्तुको थोक तथा खुद्रा व्यापारमा**

१.३.१. **विद्युतीय सामग्रीः**

| | | | |
|---|---|---|---|
| (क) | **विद्युतीय सामग्री विक्रि वितरण गर्ने सबै खाले पसल** | १००० | ५०० |

१.३.२ **कम्प्युटर,विद्युत सामान, क्यामेरा, टेलिभिजन र रेडियो**

| | | | |
|---|---|---|---|
| क) | थोक बिक्रेता | ५०० | ५०० |
| ख) | खुद्रा बिक्रेता | ३०० | ५०० |

१.३.३ **कार्पेट/डेकोर सामग्रीहरु**

| | | | |
|---|---|---|---|
| क) | थोक बिक्रेता | रु.५०० | रु.५०० |
| ख) | खुद्रा बिक्रेता | रु.३०० | र.५०० |

१.३.४ **पेट्रोलियम पदार्थ**

| | | | |
|---|---|---|---|
| क) | पेट्रोल र डिजेल पम्प (डिपो) Highway | रु.५००० | रु.५०० |
| ख) | पेट्रोल र डिजेल पम्प (डिपो) अन्यत्र | रु.१००० | रु.५०० |
| ग) | ग्यास तथा मट्टितेल विक्री गर्ने | रु.५०० | रु.५०० |

| | | | |
|---|---|---|---|
| ग) | घ) ग्यास तथा मट्टितेल बिक्री गर्ने (खुद्रा) | रु.२०० | रु.५०० |

**१.४ दैनिक उपभोगका खाद्य पदार्थ, सुती कपडा आदिको थोक तथा खुद्रा व्यापार**

**१.४.१ दैनिक उपभोगका खाद्य पदार्थ र किराना पसल र होटल (तरकारी तथा फलफुल समेत)**

| | | | |
|---|---|---|---|
| क) | थोक बिक्रेता | रु.३०० | रु.५०० |
| ख) | खुद्रा बिक्रेता | रु.२०० | रु.५०० |

**१.४.२ सुती कपडा**

| | | | |
|---|---|---|---|
| क) | सुती कपडा/फेन्सी कपडा पसल | रु.५०० | रु.५०० |

**१.४.३ सवारी साधन विक्रेता**

| | | | |
|---|---|---|---|
| क) | सवारी साधन विक्रेता | रु.५००० | रु.५०० |

**२. विषेश परामर्श तथा अन्य व्यवसायिक सेवा**

| | | | |
|---|---|---|---|
| क) | चिकित्सक | रु.१००० | ५०० |
| ख) | कविराज | रु.५०० | ५०० |
| ग) | ईन्जिनियर | रु.१००० | ५०० |
| घ) | कानुन व्यवसायी | रु.१००० | ५०० |
| ङ) | लेखापरीक्षक | रु.१००० | ५०० |
| च) | दन्त चिकित्सक | रु.१००० | ५०० |
| छ) | अनुसन्धानकर्ता तथा परामर्श दाता | रु.१००० | ५०० |
| ज) | कम्प्युटर एनालिष्ट तथा प्रोगामर | रु.१००० | ५०० |
| झ) | बीमा एजेन्ट | रु.१००० | ५०० |
| ञ) | सर्भेयर | रु.१००० | ५०० |
| ट) | अनुवादक | रु.१००० | ५०० |
| ठ) | पशु चिकित्सक | रु.१००० | ५०० |
| ड) | शेयर दलाल | रु.१००० | ५०० |
| ढ) | सामान ढुवानीकर्ता तथा कम्पनी | रु.१००० | ५०० |
| ण) | संस्थागत पेन्टर | रु.१००० | ५०० |
| त) | वैदेशीक रोजगार परामर्श दाता | रु.१००० | ५०० |

**३. निर्माण व्यवसाय**

गाउँपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा



हिरा कुमार तामाङ
अध्यक्ष

| | | | |
|---|---|---|---|
| क) | "घ" श्रेणीको | ५००० | "घ" वर्गको निर्माण व्यवसायीको ईजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम |

४. उत्पादनमूलक उद्योग

| | | | |
|---|---|---|---|
| क) | कोरा माल वा अर्ध प्रशोधित माल वा खेर गईरहेको मालसामान(कवाडी) को वा अन्य मालसामान प्रयोग वा प्रशोधन गरी मालसामान उत्पादन गर्ने उद्योग | ५०० | ५०० |

५. उर्जामूलक उद्योग

| | | | |
|---|---|---|---|
| क) | जलस्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल, ग्याँस, बायोग्यास | ५००० | ५०० |
| ख) | अन्य स्रोतहरुबाट उर्जा पैदा गर्ने उद्योग व्यवसायमा | ५०० | ५०० |

६. कृषि तथा वनजन्य उद्योग

| | | | |
|---|---|---|---|
| क) | वन पैदावारमा आधारित उद्योग (उत्पादन गर्ने) | १००० | ५०० |
| ख) | वन पैदावारमा आधारित व्यवसायमा | १००० | ५०० |
| ग) | कृषिमा आधारित उद्योग व्यवसायमा | ५०० | ५०० |
| घ) | पशु (गाई, गोरु, राँगा, भैसी) निर्यात | प्रति गोटा २०० | - |

७. खनिज उद्योग

| | | | |
|---|---|---|---|
| क) | खनिज उत्खनन वा प्रशोधन गर्ने उद्योग व्यवसायमा | ५००० | ५०० |

८. पर्यटन उद्योग

**८.१ पर्यटक आवास, होमस्टे,मोटल, होटेल, रेष्टुरा, रिसोर्ट, ट्राभल एजेन्सी, स्कीइङ, ग्लाइडिङ, वाटर र्‍याफ्टीङ, पोनी टेकिङ, पदयात्रा, हटएयर बेलुनिङ, प्यारा सेलिङ, गल्फकोर्स, पोलो, हाईकिङ, अश्वारोहण आदि ।**

८.१.१ **पर्यटक आवास,होमस्टे, मोटल, होटेल, रेष्टुरा, रिसोर्ट**

| | | | |
|---|---|---|---|
| अ) | ५० लाख भन्दा माथि पुंजी भएका | ३००० | ५०० |
| आ) | २५ देखि ५० लाख सम्म पुंजी भएका | २५०० | ५०० |
| इ) | १० देखि २५ लाख सम्म पुंजी भएका | २००० | ५०० |



हिरा कुमार लामाङ्ग
अध्यक्ष

| | | | |
|---|---|---|---|
| ई) | ५ देखि १० सम्म लाख सम्म पुँजी भएका | १५०० | ५०० |
| उ) | १ देखि ५ लाख सम्म पुँजी भएका | १००० | ५०० |
| ऊ) | १ लाख सम्म पुँजी भएका | २०० | ५०० |

१.८.२ **ट्राभल एजेन्सी, स्कीइङ, ग्लाइडिङ, वाटर न्याफ्टिङ, पोनी टेकिङ, पदयात्रा, हटएयर बेलुनिङ, प्यारा सेलिङ, गल्फ, पोलो, अश्वारोहण वन्जि जम्पिङ आदि ।**

| | | | |
|---|---|---|---|
| क) | **ट्राभल एजेन्सी, स्कीइङ, ग्लाइडिङ, वाटर न्याफ्टि, पोनी टेकिङ, पदयात्रा, हटएयर, बेलुनिङ, प्यारा सेलिङ, गल्फकोर्स, पोलो, अश्वारोहण, वन्जि जम्पिङ आदि जस्ता व्यवसायमा** | २००० | **५००** |

९. **सेवा उद्योग**

| | | | |
|---|---|---|---|
| क) | छापाखाना | १००० | ५०० |
| ख) | परामर्श सेवा | १००० | ५०० |
| ग) | जिनिङ तथा वेलिङ्ग | १००० | ५०० |
| घ) | चलचित्र व्यवसाय | १००० | ५०० |
| ङ) | सार्वजनिक परिवहन | १००० | ५०० |
| च) | फोटोग्राफी | १००० | ५०० |
| छ) | प्रयोगशाला | १००० | ५०० |
| ज) | हवाइ सेवा | १००० | ५०० |
| झ) | शीत भण्डार | ५०० | ५०० |

१०. **निर्माण उद्योग**

| | | | |
|---|---|---|---|
| क) | सडक, पुल, रोपवे, रेलवे, ट्रलिवस, टनेल, फ्लाइङ ब्रिज तथा औद्योगिक, व्यापारिक एवम् आवास कम्प्लेक्स आदि निर्माण गरी सञ्चालन गर्ने उद्योग व्यवसायमा | ५००० | ५०० |
| ११. | **सञ्चार सेवा** | | |
| | क) निजी क्षेत्रको हुलाक सेवा | १०० | ५०० |
| | ख) निजी क्षेत्रका टेलिफोन, फ्याक्स, फोटोकपी, मोवाइल फोन(STD/ISTD), इमेल, इन्टरनेट, रेडियो पेजिङ आदि | ५०० | ५०० |



हिरा कुमार तामाङ
अध्यक्ष

| | | | |
|---|---|---|---|
| | ग) कुरियर सेवा | ५०० | ५०० |
| | घ)छपाई तथा प्रकाशन | १००० | ५०० |

१२. **वित्तिय सेवा**

| | | | |
|---|---|---|---|
| क) | नेपाल सरकारको पूर्ण स्वामित्व रहेको बाहेक आर्थिक कारोवार गर्ने वाणिज्य बैक | ५००० | ५०० |
| ख) | आर्थिक कारोवार समेत गर्ने वित्तिय कम्पनीको मुख्य कार्यालय | ५००० | ५०० |
| ग) | वित्तिय कम्पनीको शाखा कार्यालय | २००० | ५०० |
| घ) | वीमा कम्पनी | २००० | ५०० |
| घ) | विदेशी मुद्रा सटही | १००० | ५०० |
| ङ) | धितोपत्र कारोवार | १००० | ५०० |
| च) | सहकारी बैंक | १००० | ५०० |
| छ) | मनि ट्रान्सफर | १००० | ५०० |

१३. **स्वास्थ्य सेवा**

| | | | |
|---|---|---|---|
| क) | गैर सरकारी अस्पताल | ५००० | ५०० |
| ख) | नर्सिङ होम | ३००० | ५०० |
| ग) | क्लिनिक तथा ल्याब | १००० | ५०० |

१४. **शिक्षा सेवा**

| | | | |
|---|---|---|---|
| क) | विश्वविद्यालय (संस्थागत) | ५००० | ५०० |
| ख) | कलेज (संस्थागत) | ३००० | ५०० |
| ग) | विद्यालय (संस्थागत) | २००० | ५०० |
| घ) | तालिम तथा अनुसन्धान केन्द्र (संस्थागत) | १००० | ५०० |
| ङ) | टाइपिङ, कम्प्युटर,साईबर तथा भाषा प्रशिक्षण संस्था | ५०० | ५०० |

१५. **मर्मत सम्भार उद्योग**



हिरा कुमार तामाङ
अध्यक्ष

| | | | |
|---|---|---|---|
| क) | हेवी इक्यूपमेन्टस् बस, ट्रक, टिपर, कार आदि चार पाङग्रे सवारी साधन मर्मत कारखाना | २००० | ५०० |
| ख) | टेम्पो, मोटरसाईकल र साइकल वर्कशप | १००० | ५०० |
| ग) | रेडियो, टि.भि., घडी, प्रेसर कुकर, हिटर, टेलिफोन सेट, विद्युत सामग्री मर्मत केन्द्र | २०० | ५०० |

१६. **अन्य सेवा**

| | | | |
|---|---|---|---|
| क) | विज्ञापन सेवा | ५०० | ५०० |
| ख) | बैदेशिक रोजगार सेवा | १००० | ५०० |
| ग) | स्वदेशी रोजगार सेवा | ५०० | ५०० |
| घ) | सेक्रेटरियल सेवा | ५०० | ५०० |
| ङ) | हाउजीङ कम्पनी तथा घर जग्गा खरिद बिक्री | १००० | ५०० |
| च) | ब्यूटी पार्लर केश सिंगार ड्राई क्लिनर्स, फोटो स्टुडियो, हेयर कटिङ सिलाई आदि | १०० | ५०० |
| छ) | साइन बोर्ड बनाउने पेन्टिङ्ग सेवा | १०० | ५०० |
| ज) | पशु वधशाला | १०० | ५०० |
| झ) | मासु विक्रेता | १०० | ५०० |
| ञ) | फुल र विरुवा विक्रेता | १०० | ५०० |
| ट) | पुल हाउस | १०० | ५०० |
| ठ) | खोटो व्यवसायी | २००० | ५०० |
| ड) | सिसा प्लाइउड विक्रेता | ५०० | ५०० |
| ढ) | भाँडाकुँडा बिक्रेता | ५०० | ५०० |
| ण) | स्टिल, काठ, फर्निचर विक्रेता | ५०० | ५०० |
| त) | खेलौना, उपहार (गिफ्ट) विक्रेता | ५०० | ५०० |
| थ) | केबुल नेटवर्किङ | १००० | ५०० |

१७. **अन्य व्यवसाय**

| | | | |
|---|---|---|---|
| क) | पार्क पिकनिक स्पट | २०० | ५०० |
| ख) | क्यासिनो | ५००० | ५०० |
| ग) | टुर अपरेटर | ५०० | ५०० |
| घ) | मसाज सेन्टर | १०० | ५०० |
| ङ) | मिल/कुटानी/पिसानी/कपास उद्योग/कलरल्याब/फोटोग्राफी/खुद्रा तथा | २०० | ५०० |

| | | | |
|---|---|---|---|
| | होलसेल पसल/(कार्पेट/पर्दा पसल) (कम्प्युटर इन्स्टिच्युट) | | |
| च) | ग्रिल उद्योग कारखाना/हार्डवेयर | ५०० | ५०० |
| छ) | फर्निचर उद्योग/कारखाना | ५०० | ५०० |
| ज) | फेन्सी पसल/जुत्ता पसल/कपडा पसल/कस्मेटिक पसल | २०० | ५०० |
| झ) | कृषि औजार वर्कशप | १०० | ५०० |
| ञ) | ह्याचरी, दाना प्रशोधन तथा उत्पादन उद्योग | ५००० | ५०० |
| ट) | औषधी पसल/क्लिनिक/ल्याब/डेन्टल | ५०० | ५०० |
| ठ) | इलेक्ट्रोनिक्स | ५०० | ५०० |
| ड) | घर जग्गा व्यवसाय | १००० | ५०० |
| ढ) | गैरसरकारी संस्था | १००० | ५०० |
| ण) | अन्तर्राष्ट्रिय गैरसरकारी संस्था | ५००० | ५०० |

क) माथी उल्लेख भएको व्यवसायमा सोही अनुसार र नभएको हकमा राजश्व परापर्श समितिको सिफारिसमा गाउँ सभा बैठकबाट निर्णय गरी कर निर्धारण गरिने छ ।

ख) कुनै एक व्यवसायको इजाजत लिई अन्य व्यवसाय समेत थप गरी व्यवसाय सञ्चालन गरेको हकमा माथि उल्लिखित दरको प्रत्येक व्यवसायमा ५० प्रतिशतले हुने रकम थप व्यवसाय कर लिनुपर्ने छ।

ग) चालु आ.व. भित्र असुल नभई अर्को आ.व. भित्र असुल गर्दा १० प्रतिशत थप विलम्व शुल्क सहित असुल गरिने छ ।

घ) नयाँ व्यवसाय दर्ता गर्दा सबै प्रकारको व्यवसायमा दर्ता शुल्क रु.१००० (एक हजार रुपैयाँ मात्र) अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

ङ) नयाँ आर्थिक वर्षमा सबै प्रकारको व्यवसाय नवीकरण शुल्क रु.५००(पाँच सय रुपैयाँ बुझाउनु पर्नेछ ।

**अनुसूची –५**

(दफा ६ सँग सम्बन्धित)

**जडीबुटी, कवाडी र जीवजन्तु कर**

### गाउँपालिकाले आफ्नो क्षेत्र भित्र जडीबुटी, कवाडी र जीवजन्तुमा लिने निकासी करको दरः

| क्र.सं | विवरण | एकाई | प्रति एकाई दर रु. | कैफियत |
|---|---|---|---|---|
| १. | मजिठो | के.जी. | २ | |
| २. | ओखर फलको बोक्रा | के.जी. | २ | |
| ३. | ओखर काण्डको बोक्रा | के.जी. | १० | |
| ४. | चिराइतो | के.जी. | २.५० | |
| ५. | चुत्रोको बोक्रा | के.जी. | १.२५ | |
| ६. | कुरिलोको जरा | के.जी. | १.५० | |
| ७. | सुगन्धवाल | के.जी. | ४ | |
| ८. | अल्लो | के.जी. | २ | |
| ९. | झ्याउ | के.जी. | २ | |
| १०. | अर्गेली | के.जी. | ४ | |
| ११. | पाखनवेत | के.जी. | १.५० | |
| १२. | लोकता | के.जी. | ६ | |
| १३. | ठिंगुरे सल्लाको सिम्टा | के.जी. | ३ | |
| १४. | धसिंगरे तेल | लि. | ५० | |
| १५. | अम्रिसो | के.जी. | ०.५० | |
| १६. | जटामसी | के.जी. | ५ | |
| १७. | तेजपात | के.जी. | ५ | |
| १८. | गोब्रे सल्लाको सिम्टा | के.जी. | १ | |
| १९. | खोल्मे | के.जी. | १ | |
| २०. | नागवेली पाउडर | के.जी. | १६ | |
| २१. | खोटो | के.जी. | ५ | |
| २२. | गोब्रे सल्लाको पातको तेल | लि. | ५० | |
| २३. | भिर मह | के.जी. | ५० | |
| २४. | सतुवा | के.जी. | ५० | |
| २५. | धुपीपात | के.जी. | ०.५० | |
| २६. | नागबेली | के.जी. | ५ | |
| २७. | काउलोको बोक्रा | के.जी. | २ | |
| २८. | अन्य सुगन्धित तेल | लि. | ५० | |
| २९. | साधारण च्याउ | के.जी. | १ | |

| | | | | |
|---|---|---|---|---|
| ३०. | इन्द्रेयिनीको वियाँ | के.जी. | २ | |
| ३१. | नेपाली कागज | कोरी | १० | |
| ३२. | सल्लो (गोलिया) | क्यु.फिट | ५ | |
| ३३. | सल्लो (चिरान) | क्यु.फिट | ६ | |
| ३४. | उत्तिस (गोलिया) | क्यु.फिट | ५ | |
| ३५. | उत्तिस (चिरान) | क्यु.फिट | ६ | |
| ३६. | अन्य काठ (गोलिया) | क्यु.फिट | ५ | |
| ३७. | अन्य काठ (चिरान) | क्यु.फिट | ६ | |
| ३८. | भेनियर पत्ता (ट्याक्टर) | ट्रिप | ५०० | |
| ३९. | भेनियर पत्ता (मिनी ट्रक) | ट्रिप | ७०० | |
| ४०. | भेनियर पत्ता (ट्रक) | ट्रिप | १००० | |
| ४१. | भेनियर पत्ता (भ्यान ट्रक) | ट्रिप | १२०० | |
| ४२. | भेनियर पत्ता (अटो रिक्सा) | ट्रिप | २०० | |
| ४३. | दाउरा (ट्याक्टर) | ट्रिप | २५ | |
| ४४. | दाउरा (मिनी ट्रक) | ट्रिप | ५० | |
| ४५. | दाउरा (भ्यान ट्रक) | ट्रिप | १०० | |
| ४६. | काठको भुस (ट्याक्टर) | ट्रिप | २५ | |
| ४७. | काठको भुस (मिनी ट्रक) | ट्रिप | ५० | |
| ४८. | काठको भुस (भ्यान ट्रक) | ट्रिप | १०० | |
| ४९. | बाँस | गोटा | ०.५० | |
| ५०. | वन लसुन | के.जी. | १०० | |
| ५१. | हाडे लसुन | के.जी. | ०.२५ | |
| ५२. | कुरिलो | के.जी. | २ | |
| ५३. | कोइला | के.जी. | ५ | |
| ५४. | बुकीफुल | के.जी. | ०.२५ | |
| ५५. | बुकीफुलको तेल | लि. | २०० | |
| ५६. | अविजालो | के.जी. | ५ | |
| ५७. | निगालो | गोटा | ०.१० | |
| ५८. | अलैंची | के.जी. | १० | |
| ५९. | लौंठ सल्लाको पात | के.जी. | ५ | |
| ६०. | लप्सी | के.जी. | ०.५० | |
| ६१. | पानी अमला | के.जी. | १ | |



हिरा कुमार तामाङ
अध्यक्ष

मेलुङ गाउँपालिका भित्र उत्पादन भई निकासी हुने माथि उल्लिखित बाहेक अन्य वस्तुहरुको हकमा गाउँ सभाको निर्णय बमोजिम हुनेछ ।

क) **प्रचलित कानुनले निषेध गरे बाहेकका मरेका वा मारिएका पञ्छीको प्वाँख र पशुको हाड, छाला, सिङ र खुर निकासी करको दरः**

| क.सं. | विवरण | एकाई | प्रति एकाई दर रु. | कैफियत |
|---|---|---|---|---|
| १. | प्वाँख | के.जी. | ३ | |
| २. | हाड | के.जी. | २ | |
| ३. | सिङ | के.जी. | ३ | |
| ४. | खुर | के.जी. | ३ | |
| ५. | छाला ठुलो | गोटा | ५० | |
| ६. | छाला सानो | गोटा | २५ | |

ख) **कृषि, पशु तथा पशुजन्य वस्तुको निकासी करको दरः (व्यवसायिक प्रयोजनका लागि)**

| क.सं. | विवरण | एकाई | प्रति एकाई दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | भैसी जात (भैसी, राँगा आदी) | गोटा | १०० | |
| २ | गाई जात (गाई, गोरु आदी) | गोटा | ५० | |
| ३ | भेडा, बाख्रा, बङ्गुर जात (भेडा, बाख्रा, बङ्गुर आदी) | गोटा | २५ | |
| ४ | कुखुरा/कुखुराको जात | ट्रिप | ५०० | |
| ५ | कुखुराको चल्ला निर्यात | प्रति गोटा | ०.५० | |
| ६ | अण्डा (सात क्रेट बराबर एक बाकस) | बाकस | ५ | |
| ७ | अनाज (धान, मकै, कोदो, गहुँ) | मुरी | ५० | |
| ८ | आलु | प्रति के.जी. | ०.२५ | |
| ९ | गोलभेडा, काउली (ठुलो ट्रक) | ट्रिप | ५०० | |
| १० | गोलभेडा, काउली (मिनी ट्रक/ट्याक्टर) | ट्रिप | २५० | |
| ११ | बन्दा, साग (ठुलो ट्रक) | ट्रिप | २५० | |
| १२ | बन्दा, साग (मिनी ट्रक/ट्याक्टर) | ट्रिप | १५० | |
| १३ | लसुन, बेसार, अदुवा (ठुलो ट्रक) | ट्रिप | १००० | |
| १४ | लसुन, बेसार, अदुवा (मिनी ट्रक) | ट्रिप | ५०० | |



हिरा कुमार तामाङ
अध्यक्ष

ग) माछा मार्ने व्यवसायीले गाउँपालिकाबाट अनुमति पत्र प्राप्त गरी प्रत्येक वर्ष अनुमति पत्र नवीकरण गराएर व्यवसायी मध्येबाट रितपुर्वक प्रतिस्पर्धा गराई सबै भन्दा बढी बोल कबोल गर्ने कुनै व्यवसायीलाई सो व्यवसायको स्वीकृति दिन सक्ने छ ।

अनुसूची –६

**(दफा ७ सँग सम्बन्धित)**

**सवारी साधन कर**

१. सवारी साधन कर प्रदेश कानून बमोजिम लगाईने र असुल उपर गरिने छ ।



हिरा कुमार तामाङ
अध्यक्ष

## अनुसूची –७

(दफा ८ सँग सम्बन्धित)

### विज्ञापन कर

### गाउँपालिका क्षेत्र भित्र लाग्ने विज्ञापन करको दरः

**१) गाउँपालिकाले आफ्नो हकभोगको घर, जग्गा वा सार्वजनिक स्थलमा विज्ञापन वा साइनवोर्ड राखेलाई दैनिक/मासिक/बार्षिक रुपमा तिर्नुपर्ने करको दरः**

**होडिङ बोर्ड सेवा शुल्क**

क) व्यापारिक वस्तुहरुको विज्ञापनमा प्रति वर्ग फिट रु ५०(पचास)

ख) व्यानर सार्वजनिक स्थानमा राख्दा रु. ५० (पचास)

ग) मनोरञ्जनमुलक विज्ञापन वापत रु. १०००(एक हजार रुपैयाँ प्रतिवर्ष)

घ) १ मिटर र १ वर्ग फिट सम्मको विज्ञापन १ महिना सम्मको प्रतिदिन रु १ र सो भन्दा वढि राख्नु परेमा प्रतिदिन रु २(दुई)

ङ) आफ्नो व्यवसाय परिचयको लागि १५ स्क्वायर फिट सम्म १ थान वोर्ड व्यवसायीले आफ्नो पसल वा व्यवसाय रहेको भित्ता पर्खाल वा अगाडिको भागमा राख्न पाउने छ । १ भन्दा धेरै वोर्ड राख्नु परेमा माथिको दररेटमा सम्वन्धित व्यवसायिले विज्ञापन कर वुझाउनु पर्ने छ ।



अध्यक्ष

**अनुसूची –८**

(दफा ९ सँग सम्बन्धित)

**मनोरञ्जन कर**

**गाउँपालिका क्षेत्र भित्र लाग्ने मनोरञ्जन करको दरः**

१) सिनेमा हल, भिडियो हल, साँस्कृतिक प्रदर्शन हल, थिएटर हल, सङ्गीत तथा मनोञ्जन प्रदर्शन स्थलको प्रवेश शुल्कको ३ प्रतिशत ।

२) जादु, सर्कस, मेला, चटक, आदिमा प्रति दिन ३०० (तिन सय रुपैंयाँ) ।

३) भिडियो, वृत्तचित्र, चलचित्र लगायतका व्यवसायिक भिडियो छायाङ्कनमा प्रति भिडियो छायाङ्कन रु. १०००(एक हजार रुपैयाँ) ।

नोटः अनुसुचि–८ मा उल्लेख गरिएको भएता पनि सामाजिक सन्देशमुलक, चेतना मूलक मनोरञ्जनका क्रियाकलापको हकमा कर लाग्ने छैन ।



हिरा कुमार तामाङ
अध्यक्ष

**अनुसूची –९**

(दफा १० सँग सम्बन्धित)

**बहाल विटौरी शुल्क**

**गाउँपालिका क्षेत्र भित्र लाग्ने बहाल विटौरी शुल्कको दरः**

(क) गाउँपालिका क्षेत्र भित्रको प्रति ऐलानी जग्गामा नेपाल सरकारको स्वीकृती बमोजिम गाउँपालिका आफैले छाप्रा, टहरा निर्माण गरी रेखदेख सञ्चालन गरेको अस्थायी पसल वा आवासको लागि उपलव्ध गराएकोमा प्रति टहरा, छाप्रा मासिक २०००(दुई हजार रुपैंया) बहाल विटौरी कर लाग्ने छ ।

(ख) गाउँपालिका क्षेत्र भित्रको खाली रहेको प्रति ऐलानी जग्गामा गाउँपालिका आफैले छाप्रा, टहरा निर्माण नगरी व्यक्ति विशेषले आफैं छाप्रा, टहरा निर्माण गरी वा नगरी हाट बजार क्षेत्र वा सडक छेउका जग्गामा पसल वा अन्य कुनै व्यवसाय गरी बसेको भए त्यस्तो जग्गामा प्रति वर्ग फिट १५ (पन्ध्र रुपैंयाँ) मासिक बहाल विटौरी कर लाग्नेछ ।



अध्यक्ष

## अनुसूची –१०

(दफा ११ सँग सम्बन्धित)

### पार्किङ शुल्क

गाउँपालिकाद्धारा निर्मित पार्किङ स्थलमा सवारी साधन पार्किङ गरेबापत तपसिल बमोजिमको पार्किङ शुल्क लगाउन र असुल उपर गर्न सकिने छ ।

क) ट्र्याक्टरको लागि पहिलो २ (दुई) घण्टाको लागि रु. १०(दस रुपैयाँ) र सो अवधि भन्दा वढिको लागि प्रति घण्टा रु. १५(पन्ध्र रुपैयाँ)

ख) हलुका सवारी साधनको लागि पहिलो २(दुई) घण्टाको लागि रु. १५(पन्ध्र रुपैयाँ) र सो अवधि भन्दा वढिको प्रतिघण्टा रु.२० (बिस रुपैयाँ)

ग) हेभि सवारी साधनको लागि पहिलो २(दुई) घण्टाको लागि रु. २५।–(पच्चिस रुपैयाँ) र सो अवधि भन्दा वढिको लागि प्रतिघण्टा रु. ३० (तिस रुपैयाँ)

घ) मोटरसाईकलको लागि पहिलो २ (दुई) घण्टाको लागि रु. १०।–(दस) र सो अवधि भन्दा वढिको लागि प्रतिघण्टा रु. १५।–(पन्ध्र रुपैयाँ)

## अनुसूची –११

(दफा १२ सँग सम्बन्धित)

### ट्रेकिङ्, कोयोकिङग, क्यानोइङ, बन्जी जम्पिङ, जिपफ्लायर र ऱ्याफ्टिङ शुल्क

**गाउँपालिका भित्र लाग्ने ट्रेकिङ्, कोयोकिङग, क्यानोइङ, बन्जी जम्पिङ, जिपफ्लायर र ऱ्याफ्टिङ शुल्कको दरः**

१) गाउँ क्षेत्र भित्रका खोला, नदी, पोखरीहरुमा जलविहार ऱ्याफ्टिङ गर्ने र डुङ्गा चलाउने व्यवसायीले गाउँपालिकाको अनुमती पत्र लिई रु. ५००० (अक्षरेपी पाँच हजार) शुल्क तिरी ऱ्याफ्टिङ कार्य सञ्चालन गर्न सक्नेछ ।



हिरा कुमार तामाङ
अध्यक्ष

## अनुसूची –१२

(दफा १३ सँग सम्बन्धित)

### सेवा शुल्क दस्तुर

<u>विभिन्न प्रकारका सिफारिस दस्तुरः</u>

**क) जग्गा दर्ता सिफारिस निवेदन फाराम र निवेदन दर्ता दस्तुर समेत**

| | |
|---|---|
| अ) १ रोपनी सम्म | रु. १००(शहरी क्षेत्रमा) |
| आ) १ रोपनी देखी ५ रोपनी सम्म | रु. २००(शहरी क्षेत्रमा) |
| इ) ५ रोपनी भन्दा माथि | रु. ३००(शहरी क्षेत्रमा) |
| ई) ग्रामिण क्षेत्रमा एकमुष्ट | रु. १०० |

**ख) जग्गा नामसारी सिफारिस निवेदन दर्ता र निवेदन फाराम** समेत

| | |
|---|---|
| अ) १ रोपनी सम्म | रु. २००(शहरी क्षेत्रमा) |
| आ) १ देखि ५ रोपनी सम्म | रु. ३००(शहरी क्षेत्रमा) |
| इ) ५ रोपनी भन्दा माथि | रु. ५००(शहरी क्षेत्रमा) |
| ई) ग्रामिण क्षेत्रमा एकमुष्ट | रु. १०० |

**ग) मोही दर्ता तथा मोही नामसारी सिफारिस निवेदन दर्ता र निवेदन फाराम समेत**

| | |
|---|---|
| अ) १ रोपनी सम्म | रु. २००।–(शहरी क्षेत्रमा) |
| आ) १ देखि ५ रोपनी सम्म | रु. ३००।–(शहरी क्षेत्रमा) |
| इ) ५ भन्दा माथि प्रति रोपनी | रु. ५००।–(शहरी क्षेत्रमा) |

ई) ग्रामिण क्षेत्रमा एकमुष्ट रु. १००।–

**घ) विभिन्न प्रकारका सिफारिस शुल्कः**

क) साना घरेलु उद्योग रु. २००।–

ख) मझौला उद्योग रु. ४००।–

ग) ठुला उद्योग (चिरान मिल, फर्निचर उद्योग) रु. १०००।–

घ) अन्य सेवा उद्योग तथा व्यवसाय सम्बन्धी सिफारिस रु. २००।–

ङ) डिलर लिने सिफारिस रु. १०००।–

च) माथि नखुलेका उद्योग व्यवसायका सिफारिसको हकमा गाउँसभाको निर्णयानुसार

छ) नागरिकता लिनका लागि सिफारिस रु. १००।–(अनुसूची फाराम निवेदन दर्ता समेत)

ज) नागरिकताको प्रतिलिपी लिन सिफारिस रु. १००।–(अनुसूची फाराम निवेदन दर्ता समेत)

झ) अङ्गीकृत नागरिकता सिफारिस/नागरिकता त्याग सिफारिस रु. ४००।–(अनुसूची फाराम निवेदन दर्ता समेत)

ञ) धारा, बिजुली जडान सिफारिस रु. १००।–(निवेदन फाराम र निवेदन दर्ता समेत)

ट) काठ कटान, निकासी गर्न सिफारिस रु. २।–प्रति कि.बी.

ठ) प्रतिलिपी प्रमाणित दस्तुर रु. २००।–प्रतिपाना (अङ्ग्रेजी नेपाली दुवै)

ड) चार किल्ला प्रमाणित १ कित्ता सम्म रु. २००।–

ढ) घरबाटो भए नभएको प्रमाणित (शहरी क्षेत्रमा) रु. १०००।–(निवेदन फाराम र निवेदन दर्ता समेत)

ण) घरबाटो भए नभएको प्रमाणित (ग्रामीण क्षेत्रमा) रु. २००।–(निवेदन फाराम र निवेदन दर्ता समेत)

त) एकिकृत सम्पत्ति कर रसिदको प्रतिलिपी रु. १००।–

थ) अन्य कागजातको प्रतिलिपी दस्तुर रु. १००।–प्रति पाना

द) घर जग्गा छुटयाउन अमिन फिल्ड जानु पर्दा रु. ४००।–

ध) सञ्चार टावर स्वीकृती सिफारिस रु. १००००।–

न) अस्थायी प्रकृतिको निर्माण स्वीकृती निवेदन फाराम (ग्रामिण क्षेत्रका लागि) रु. २००।–प्रति पूर्वाधार

प) नाता प्रमाणित रु. २००।–

फ) नाता सम्बन्ध रु. २००।–

ब) अङ्ग्रेजीबाट गरिने जुनसुकै प्रकारका सिफारिसको प्रति सिफारिस/अंग्रेजी कागजात प्रमाणित सिफारिस रु. २००।–

(जन्म प्रमाणित, विवाह प्रमाणित, कर चुक्ता आदि)

भ) निजी स्तरका विद्यालय स्थापना तथा तह वृद्धि सम्बन्धी सिफारिस रु. २०००।–



हिरा कुमार तामाङ
अध्यक्ष

म) सामुदायिक/सरकारी विद्यालयको तहवृद्धि सम्बन्धी सिफारिस रु.३०००।-

य) गाउँपालिकाको स्वामित्व रहेका पिच सडक काट्ने स्वीकृत रु. १००००।–

र) व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद) रु. १०० (घटना घटेको ३५ दिन भित्र निःशुल्क)

ल) सामान्य सिफारिस रु.१००

व) विद्यालय सम्बन्धी सिफारिस रु.२००

श) न्यायिक समितिमा दर्ता गर्नुपर्ने निवेदन दर्ता रु. १०० (विपन्नका लागि छुट)

ङ) **दर्ता तथा नवीकरण शुल्क :**

क) खानेपानी तथा सिँचाई मुहान दर्ता रु.१००० नवीकरण रु.५००

ख) टोल विकास संस्था दर्ता रु. १००० नवीकरण रु.५००

ग) कृषक समूह दर्ता रु.५०० नवीकरण रु.२००

घ) सबै प्रकारको सहकारी संस्था रु.१००० नवीकरण रु.५००

ङ) कुनै पनि प्रकारको क्लब,संस्था वा समूह दर्ता रु.१००० नवीकरण रु.५००

च) जुनसुकै प्रमाणपत्र प्रतिलिपि शुल्क रु. ५००

२) **फोहोरमैला व्यवस्थापन सेवा शुल्क (मासिक) निम्नानुसार लगाईने छ ।**

क) आवासीय घर २ दुई तल्ला सम्म रु. ५०।–

ख) ३ तल्ला वा सो भन्दा माथि प्रति तल्ला थप रु. ५०।–

ग) पसल थप भए प्रति पसल थप रु. २००।–

घ) सामान्य प्रकृतिका होटल, रेष्टुरेन्ट थप रु. २००।–

ङ) ठुला प्रकृतिका होटल लज रु. १०००।–

च) हस्पिटल रु. २०००।–

छ) अन्य सङ्घ सँस्था रु. ४००।–

ज) वादविवाद (मुद्धा) सम्बन्धी निवेदन दर्ता रु. १००।–

झ) नक्शा पास गर्ने आवेदन पुस्तिका रु. १०००।–प्रतिगोटा

ञ) सक्सन टयाङ्क सेवा शुल्क प्रति टिप रु. ६,०००।–

ट) ट्रयाक्टर भाडा रु. ३०००।–

ठ) विपत व्यवस्थापन शुल्क रु. १००।–(शहरी क्षेत्र) रु २५।–(ग्रामीण क्षेत्र)



हिरा कुमार तामाङ
अध्यक्ष

**अनुसूची –१३**

(दफा १४ सँग सम्बन्धित)

**पर्यटन शुल्क**

यस गाउँपालिका भित्रका पर्यटकीय क्षेत्र भित्र प्रवेश गर्ने विदेशी पर्यटकहरुलाई प्रति व्यक्ति रु. १०००।– (एक हजार रुपैयाँ) निर्धारण गरिएको छ ।

नोटः सेवा शुल्क निर्धारणमा कठिनाई उत्पन्न भएमा व्यवसायको प्रकृति हेरी गाउँ सभाले तोके बमोजिम हुनेछ ।

**अनुसूची –१४**

(दफा १५ सँग सम्बन्धित)

**कर छुट**

**निःशुल्क हुने सिफारिस तथा सेवाहरु**

१) विपन्नलाई उपचार सहयोग सम्बन्धी सिफारिस

२) अपाङ्गताको सिफारिस

३) जेष्ठ नागरिक परिचय पत्र सम्बन्धी सिफारिस

४) सामाजिक सुरक्षा भत्ताको सिफारिस

५) कडा रोग उपचारका लागि गरिने सिफारिस

६) वैदेशिक रोजगारमा मृत्यु भएका व्यक्तिसँग सम्बन्धित सिफारिस

७) विपद् तथा प्रकोपबाट क्षति भएको कागज सम्बन्धित सिफारिस



हिरा कुमार तामाङ
अध्यक्ष